लमही नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लमही दाङ

लुम्बिनी प्रदेश, नेपाल

प.सं: २०८२/८३ | च.नः ६४१ | मितिः २०८२/०८/१०

विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्वन्धमा ।

श्री जो जससँग सम्वन्धित छ ।

प्रस्तुत विषयमा दाङ जिल्ला लमही नगरपालिका अन्तर्गत श्री आदर्श माध्यमिक विद्यालय लमही – ६, देउपुरमा रिक्त रहेको माध्यमिक तह तृतीय श्रेणी गणित विषय शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडी बढाइदिन भनी विद्यालयको च.नं १११ मिति २०८२/०८/१० गतेको पत्रमार्फतअनुरोध भई आएकोले सम्वन्धित तह, श्रेणी र विषयमा योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र शिक्षा नियमावलीको अनुसूची – १७ बमोजिमको ढाँचामा सम्वन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्चः

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना adarshadeupur@gmail.com मा निवेदन पेश गर्न सकिनेछ ।

२. म्याद नाघि वा तोकिए बमोजिम रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै पनि कारवाही हुने छैन ।

बोधार्थः

- श्री शिक्षा विकास तथा समन्वय इकाइ, घोराही, दाङ ।
- श्री आदर्श माध्यमिक विद्यालय लमही – ६, देउपुर, दाङ ।
- श्री सूचना प्रविधि शाखा, वेवसाइटमा अपलोड गरिदिनुहुन ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत